२८

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, पुस १८ गते २०४० साल (संख्या ३७

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ११ (३) बिक्रीकर ऐन, २०२३ को दफा २१ र औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १० (ख) (२) ले दिएको अधिकार प्रयोग गरी भन्सार सुविधा नपाउने गरी तोकेको उद्योगको हकमा पनि त्यस्ता उद्योगहरूले आफ्नो उत्पादन समुद्रपारका देशहरूमा निकासी गरेमा ती उद्योगहरूको उत्पादन, मिश्रण तथा प्रशोधन प्रक्रियामा प्रत्यक्षरूपले प्रयोग हुने कोरामाल, सहायक कोरामाल तथा रासायनिक पदार्थको पैठारीमा लागेको भन्सार महसूल तथा बिक्रीकर निकासी गरेको परिमाणको आधारमा फिर्ता दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

द्रष्टव्य :– "यो सूचना २०४१ साल आषाढ मसान्तसम्म कायम रहनेछ" ।

आज्ञाले,

लोकबहादुर श्रेष्ठ

श्री ५ को सरकारको का.मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४२

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले अन्तःशुल्क नियमहरू, २०१९ को नियम १६ ले दिएको अधिकार प्रयोग गरी उद्योगहरूले उत्पादन गरेको वस्तु समुद्रपार निकासी गर्दा देहायका शर्त तथा बन्देजको अधीनमा रही अन्तःशुल्क रकम छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

(१) निकासी हुने वस्तु उत्पादन गर्दा पैठारी गरिएका कच्चा तथा सहायक कच्चा पदार्थ नै प्रयोग भई गरिएको हो भन्ने कुरा सम्बन्धित विभाग वा कार्यालयका अधिकारीबाट प्रमाणित भएको हुनु पर्नेछ ।

(२) निकासी हुने वस्तुको साइज र परिमाण अन्तःशुल्क अधिकारीबाट प्रमाणित भएको हुनु पर्नेछ ।

(३) निकासी हुने वस्तुको गुणस्तर सम्बन्धमा गुणस्तर विभागबाट प्रमाणित भएको हुनु पर्नेछ ।

(४) निकासी इजाजतपत्र अन्तर्गत निकासी भएको हुनु पर्नेछ ।

(५) निकासी गर्नको लागि कारखानाबाट माल निकाल्दा लाग्ने अन्तःशुल्क रकम धरौटी स्वरूप बुझाउनु पर्नेछ ।

(६) निकासी गरेको प्रमाण बुझाएमा निकासी भए जति परिमाणमा लागेको अन्तःशुल्क रकम फिर्ता दिइनेछ ।

द्रष्टव्यः– "यो सूचना २०४१ साल आषाढ मसान्तसम्म कायम रहनेछ ।"

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उप-दफा (४) ले दिएको अधिकार प्रयोग गरी महेन्द्र सुगर एण्ड जनरल इण्डस्ट्रीज (प्रा.) लि. भैरहवाको निमित्त परासीबाट नेपाल टु नेपाल भारतको बाटो भै उखु ढुवानी गर्ने विदेशी ट्रकहरूको लागि उखुको सिजनभर प्रतिदिन रू. ४००।– को सट्टा रू. २००।– दुई सय मात्र अस्थाइ महसूल लिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
हितसिंह श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।